# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

मितिः- २०७६/६/२९

मिति २०७६।०२।०२ गते बिहान काठमाडौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. २ को वडा कार्यालय तर्फ जाने सडकमा जनकपुरबाट काठमाडौं आउँदै गरेको ना ८ ख १८०९ नं. को यात्रु बस चेकजाँच गर्दा उक्त बसमा सवार यात्रु सर्लाही जिल्ला कविलासी न.पा. वडा नं.- ५ बस्ने बर्ष २८ को रविन्द्र रायको साथबाट रु. २९,९८,०००।- बरामद भएकोले आवश्यक अनुसन्धान तथा कारबाहीको लागि पठाइएको भन्ने व्यहोराको मिति २०७६।०२।०३ गतेको महानगरीय प्रहरी वृत्त, थानकोटको पत्रबाट प्राप्त उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ एवं अनुसन्धान हुँदा प्रतिवादी रविन्द्र रायले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को (श) मा उल्लखित अनुसूचीको (भ) बमोजिमको सम्बद्ध कसूर गरी गैह्रकानूनी स्रोत (Illicit Origin) बाट प्राप्त गरेको रकम लुकाउने र छल्ने (Placement and Layering) अपराधिक मनसायका साथ स्रोत नखुलेको रकम आफ्नो साथमा बोकी हिंडी सोही ऐनको दफा ३(१) को देहाय (क)(ख)(ग) ले निषेधित कार्य गरी गराई दफा ३(३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसूर गरेको पुष्टि हुन आएको देखिंदा प्रतिवादी रविन्द्र रायलाई विगो रु. २९,९८,०००।— (उन्नतीस लाख अन्ठान्नबे हजार) कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३०(१) बमोजिम वीगोको दोब्बर जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय हुनका साथै प्रतिवादी रविन्द्र रायको साथबाट बरामद भई आएको रकम रु. २९,९८,०००।— (उन्नतीस लाख अन्ठानब्बे हजार) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ को दफा २८(२) एवं दफा ३४(१)(क) बमोजिम जफत गरी पाउन मागदावी लिई मिति २०७६/६/२९ गतेका दिन सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दर्ता गरिएको छ ।